गण्डकी प्रदेशका भौतिक पूर्वाधार र विकास मन्त्री माननीय श्री रामशरण बस्नेत,
नेपाल सरकारको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिव, रामकृष्ण सापकोटा,
नेपालका लागि भारतका राजदूत महामहिम श्री विनय मोहन क्वात्रा,
गोरखा नगरपालिकाका मेयर श्री राजन राज पन्त,
विशिष्ट अतिथिहरू,
मिडियाका साथीहरू,
महिला तथा सज्जनहरू,
यहाँहरू न्यानो स्वागतका लागि हार्दिक धन्यबाद।

यो ऐतिहासिक भूमिमा हुनु मेरो लागि विशेष सम्मान हो। यो राजा पृथ्वी नारायण शाहको भूमि हो, जसले आधुनिक नेपालको स्थापना गर्नुभयो।
गोरखाका मानिसहरु आफ्नो बहादुरीको लागी दुनियाभरमा चिनिन्छन् ।

दुःखको कुरा, तपाईंले अप्रिल २०१५ अप्रिलको विनाशकारी भूकम्पका कारण गहिरो कष्ट भोग्नुभयो।
तर तपाईंको साहस र अठोटले तपाईंले आफ्नो जीवन पुनर्निर्माण गर्नुभयो।
भारतको जनता तपाईको पीडा बुझ्छन्। हाम्रो माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदी, गुजरातको मुख्यमंत्रीको रूपमा २००१ को भूकम्प पछि भुजको पुनर्निर्माणको नेतृत्व गर्नुभयो। आज यो भारतको आर्थिक केन्द्र बनेको छ । हामी तपाईको लागि पनि त्यस्तै कामना गर्दछौं।

नेपालले हाम्रो हृदयमा विशेष स्थान ओगटेको छ। हामी तपाईंको पुनर्निर्माण प्रयासमा सहयोग पुर्याउन सकेकोमा खुशी छौं।
भारत र नेपाल दुबैसङ्ग युवा जनसंख्या र मूल्यवान शिक्षा छ।
राम्रो शिक्षा हाम्रो जनताको भविष्यको लागी सबै भन्दा उचित लगानी हो।
म अत्यन्त खुसी छु कि आज हामी भारतको सहयोगमा पुनर्निर्माण भैरहेका तीनवटा स्कूल, श्री महालक्ष्मी, श्री रत्नलक्ष्मी र श्री तारा माध्यमिक विद्यालयहरूको उद्घाटन गर्दैछौं। यसले यी विद्यालयहरूमा अध्ययनरत करीव १६०० विद्यार्थीहरूलाई लाभ पुऱ्याउँनेछ।
गोर्खा जिल्लामा चार थप विद्यालयहरू पुनर्निर्माणको क्रममा छन्।

जम्मा ६००० मिलियन नेपाली लागतमा नेपालका नौ जिल्लामा २ सय ७० वटा विद्यालयहरू भारतीय अनुदानमा पुनःनिर्माण भइरहेका छन्। नयाँ भवनहरूमा भूकम्प प्रतिरोधी डिजाइनमा बनाइएको छ।

यो थाहा पाउँदा मलाई लागेको छ कि भारतले गत दुई दशकमा नेपालभर २६७ वटा विद्यालय र क्याम्पस निर्माण गर्न अनुदान प्रदान गरेको छ । हामी प्रत्येक वर्ष ३ हजार नेपाली विद्यार्थीहरुलाई छात्रवृत्ति पनि प्रदान गर्दछौं।

साथीहरु,
भूकम्पले धेरै घरहरू पनि ध्वस्त पार्यो। हामीले गोरखा र नुवाकोट जिल्लाहरूमा ५० हजार घर पुनर्निर्माण गर्ने वाचा गरेका छौं । भारतीय सहयोगमा ४६ हजारभन्दा बढी घरहरूको निर्माण यसअघि भइसकेको थाहा पाउदा खुशी लागेको छ ।

हाम्रो सहायता प्रयासहरूमा स्वास्थ्य अर्को प्राथमिकताको क्षेत्र हो। हामी नेपालका १० जिल्लाहरूमा १ सय ४७ वटा स्वास्थ्य चौकी र अस्पतालहरूको पुनःनिर्माण गर्दैछौं। यी मध्ये करिब ३० वटा गोरखा जिल्लामा छन्।

हामी नेपालभर सांस्कृतिक सम्पदा पुनर्स्थापित गर्न पनि काम गर्दैछौं।
मैले हाम्रा नेपाली साझेदार संस्थाहरूलाई धन्यवाद दिनुपर्दछ जसको सहयोग बिना हाम्रा परियोजनाहरू सम्पन्न हुन सक्दैन्थ्यो।

साथीहरु,
सबै चुनौतीहरूको बाबजुद तपाईंले हासिल गर्नुभएको प्रगति देख्न पाउँदा म साच्चै नै खुसी छु।
भारतका जनता तपाईको यात्रामा तपाईसंगै उभिन्छन्।
म गोरखाका जनताको दिगो विकास र समृद्धिको कामना गद्छुं।

भारत - नेपाल मित्रता अमर रहोस् ।
धन्यवाद!